National Human Rights Commission, Nepal

UNITED NATIONS HUMAN RIGHTS
OFFICE OF THE HIGH COMMISSIONER

**मानवअधिकारको अनुगमनका लागि सूचकाङ्कहरूसम्बन्धी दक्षिण एसियाकै पहिलो प्रयोगकर्ता पुस्तिकाको काठमाडौंमा विमोचन**

२०६८ असोज ३

काठमाडौं – राष्ट्रिय मानवअधिकार आयोग (आयोग) र नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय (उच्चायुक्तको कार्यालय-नेपाल)ले मिलेर आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूका सूचकाङ्कसम्बन्धी कार्यसमूहसँग सम्बद्ध नागरिक समाजका सदस्यहरूसँगको सहकार्यमा *आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको अनुगमनका लागि सूचकाङ्कहरू*सम्बन्धी प्रयोगकर्ता पुस्तिका तयार पारेका छन्। यी अधिकारहरूको अनुगमनमा संलग्न पात्रहरूको सहयोगका लागि यस्तो पाठ्यसामग्री तयार पारिएको एसियामै पहिलो र विश्वमै थोरैमध्ये एक हो।

आयोगका अध्यक्ष तथा पूर्व प्रधानन्यायाधीश केदारनाथ उपाध्यायले *प्रयोगकर्ता पुस्तिका*को असोज ३ गते मङ्गलबार एक कार्यक्रममा विमोचन गर्नुहुनेछ। उक्त कार्यक्रममा राष्ट्रिय मानवअधिकार संस्थाहरूबाट अतिथि वक्ताहरू तथा वरिष्ठ सरकारी अधिकारीहरू, नागरिक समाज र संयुक्त राष्ट्रसङ्घीय निकायका प्रतिनिधि एवं अन्तर्राष्ट्रिय समुदायका सदस्यहरूलाई आमन्त्रण गरिएको छ।

पर्याप्त खाना, पर्याप्त आवास, स्वास्थ्य, शिक्षा र कामको अधिकारजस्ता आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको उपभोग गर्न नदिनाले नेपालभित्रका विभिन्न समुदायबीच उल्लेख्य असमता सिर्जना गर्नमा योगदान गऱ्यो। सर्वाधिक सीमान्तीकृत समुदायका सम्बन्धमा यो विशेषगरी पीडादयी छ। विस्तृत शान्ति सम्झौता र अन्तरिम संविधानले परिकल्पना गरेझैं आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको उपभोग सुनिश्चित गर्ने कुरा नेपालमा शान्तितर्फको सफल सङ्क्रमणका लागि महत्त्वपूर्ण छ।

यी अधिकारहरूको उपभोगको अवस्था तथा यी अधिकारहरू प्रदान गर्ने सम्बन्धमा सरकारको कार्यसम्पादनको उपयुक्त ढङ्गबाट अनुगमन गर्न सक्ने हुनलाई आवश्यक पर्ने पाठ्यसामग्री र विधि प्रदान गर्न प्रयोगकर्ता पुस्तिका तयार पारिएको हो। यसो गर्दा यस पुस्तिकाले नीति निर्माताहरूलाई नेपालमा यी मूलभूत मानवअधिकारहरूको उपभोगमा सुधार ल्याउन सुदृढ योजना, कार्यक्रम र नीति तर्जुमा गर्न सक्रिय सहयोग गर्न सक्छ। यस पुस्तिकालाई राष्ट्रिय मानवअधिकार संस्था र मानवअधिकार रक्षकलगायत नेपालभरका मानवअधिकारसम्बन्धी पात्रहरूले प्रयोग गर्नेछन्।

National Human Rights Commission, Nepal
Tel: +977 1 5010015, 16, 17, 18
Fax: + 977 1 5547973
Website: www.nhrcnepal.org
For further information, contact
Bhanubhakta Acharya
Email:bhanubhakta.acharya@nhrcnepal.org
Mobile: 9741084725

Office of the High Commissioner for Human Rights
Tel.: + 977 1 4280164
Fax: + 977 1 467 0712
Website: http://nepal.ohchr.org
For further information, contact
Chun Gurung
Ext. : 320
Email: cgurung@ohchr.org
Mobile: 98510 16937